# संघीय संसद
## प्रतिनिधि सभा
## विकास तथा प्रविधि समिति
### बैठक संख्या : १४१

मितिः २०७९/०४/०३

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार शहरी विकास मन्त्रालयका माननीय मन्त्री, सचिव तथा सम्वद्ध पदाधिकारीहरुसँग वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्डका सम्बन्धमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ नवनियुक्त नेपाल सरकारका शहरी विकास मन्त्री मा. मेटमणि चौधरीलाई समितिमा स्वागत तथा बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।

२ नेपाल सरकार शहरी विकास मन्त्रालयले २०७२ सालको भुकम्प पछि तयार गरेको वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ मा भएका प्रावधानहरुलाई २०७८ सालमा गरेको पुनः संशोधनले मापदण्डका प्रावधानहरु अझ साँघुरो र संकुचित बनाएको र यसले सरकारको स्वच्छ, सुरक्षित र सुन्दर शहर निर्माण तथा सन्तुलित र समानुपातिक विकास गर्ने नीति विपरित भएको विषयप्रति समितिको गम्भीर ध्यानाकर्षण भएको छ । यस्ता मापदण्डहरु दिर्घकालीन रुपमा प्राकृतिक प्रकोपबाट जोगिने, वातावरण मैत्री, आवास र वस्ती निर्माणको दृष्टिबाट नागरिकहरुलाई सुरक्षित राख्न सम्पूर्ण हिमाल, पहाड र तराईको भौगोलिक अनुकुलता हुने गरी सम्वद्ध विज्ञ, योजनाकार, सम्वद्ध सरोकारवालाहरुको समेत राय सुझाव एवं वैज्ञानिक आधारमा पुनः निर्धारण गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

३ प्रदेश सरकार र स्थानीय तहले भवन निर्माण सम्बन्धी पृथक-पृथक मापदण्ड बनाइ कार्यान्वयन गरिरहेको सन्दर्भमा यी मापदण्डहरु बमोजिम निर्माण भइरहेका संरचनाहरु असुरक्षित र वातावरणीय दृष्टिकोणले पनि जोखिमपूर्ण हुने देखिएकोले दिर्घकालीन योजना र दृष्टिकोणका आधारमा एकीकृत मापदण्ड बनाई कार्यान्वयन गर्ने गरी प्रदेश सरकार र स्थानीय तहहरुलाई निर्देश गर्न समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

४ समितिको आगामी बैठक २०७९ साउन ५ गते बिहान ११:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।

..............................
(ओमबहादुर कार्की)
समिति सचिव

..............................
(कल्याणी कुमारी खड्का)
सभापति